# चौरजहारी नगरपालिका

रुकुम (पश्चिम)

**चौरजहारी नगरपालिकाको शिक्षा सुधार घोषणापत्र, २०८०**

२०८० असार २१ गते बिहीबारका दिन चौरजहारी नगरपालिकाको आयोजनामा नगर प्रमुख श्री पुष्प वादीज्यूको अध्यक्षता, प्रथम नगर प्रमुख विशाल शर्मा, नगर उपप्रमुख ईश्वरीकुमारी शर्मा, बि.एम्., नि. प्रमुख प्रशासकीय अधिकृत शेरप्रसाद ढकाल, चौरजहारी नगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयका विद्यालय व्यस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकहरूको उपस्थितिमा छलफल गरी चौरजहारी नगरपालिकाको शिक्षा सुधार घोषणापत्र, २०८० जारी गरिएको छ।

१. शिक्षासम्बन्धी मौलिक हक र राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार बालविकासदेखि कक्षा ८ सम्म अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्म नि:शुल्क गर्ने प्रावधानअनुसार आफ्नो विद्यालय सेवा क्षेत्रका विद्यालय उमेरका सबै बालबालिकाहरूलाई विद्यालयको पहुँच सुनिश्चित गरिनेछ।

२. चौरजहारी नगरपालिकाको शैक्षिक उपलब्धी सुधार कार्ययोजना, २०८० लाई प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, अभिभावक र नगरपालिकाले थप क्रियाशील भइ जिम्मेवार बोधका साथ पूर्ण कार्यान्वनय गर्नेछ।

३. सुरक्षित विद्यालयको अवधारणा अनुरुप सबै विद्यालय पर्खाल तथा घेरावार भएका हुनेछन्।

४. विद्यालयमा शिक्षक दरबन्दी रिक्त भएमा तत्काल पदपूर्ति गर्ने व्यवस्थाका लागि अग्रिम परीक्षा सञ्चालन गरी नियुक्तिको प्रतीक्षा सूची तयार गरिनेछ।

५. सकरात्मक सोचका साथ नगरपालिका, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकबीचको आपसी सम्बन्धलाई सधैं समधुर बनाइनेछ।

६. विद्यार्थी नियमितता र सिकाइ उपलब्धी वृद्धि गर्न शिक्षक र विद्यार्थीको मासिक हाजिरी परीक्षण र विश्लेषण गरिनेछ।

७. उत्कृष्ट शिक्षक, विद्यार्थी र विद्यालयलाई सम्मान तथा पुरस्कृत गर्ने प्रणालीको विकास गरिनेछ।

८. बालबालिकाको भर्ना, निरन्तरता र घरमा पढ्ने वातावरण सुनिश्चित गर्न अभिभावकलाई जिम्मेवार बनाइ विद्यालय सुधार कार्यमा संलग्न गराउन विभिन्न क्रियाकलापहरू जस्तै कम्तिमा २ महिना १ पटक कक्षागत अभिभावक, भेला, विद्यालय स्व:मूल्याङ्कन कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९. शिक्षकहरूको मासिक बैठक बसी बालबालिकाहरूको नियमितता र सिकाइ जस्ता विषयमा छलफल गरिनेछ।

१०. विद्यालयमा रहेका विषयगत शिक्षकहरूको संलग्नता र सहभागितामा विषयगत विभाग गठन गरी एकापसमा कक्षा अवलोकन गर्ने, सुझाव लिनेदिने र मिलेर सँगसँगै योजना निर्माण गर्ने जस्ता सिक्ने सिकाउने गतिविधि सञ्चालन गरिनेछ।

११. सूचना सञ्चार प्रविधिको अधिकतम उपयोग गर्ने, कक्षा शिक्षणमा कम्प्युटर, मल्टिमिडिया, प्रोजेक्टर, इन्टरनेट लगायतका माध्यमबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने, पुस्तकालय र विज्ञान प्रयोगशालाको उपयोग गरिनेछ।

१२. विद्यालय हाताभित्र उच्च नैतिक आचरण कामय गर्न मादक पदार्थ सेवन, मध्यपान तथा धूम्रपानलगायत सूर्तीजन्य पदार्थ सेवन नगर्ने, कुनै पनि प्रकारको अनैतिक क्रियाकलापमा संलग्न नहुने लगायतका आचारसंहिता निर्माण गरी सबैले देख्ने गरी टाँस र कार्यान्विनय गर्ने साथै शिक्षक समुदायमा अनुकरणीय व्यक्तिका रुपमा प्रस्तुत हुन जिम्मेवार बनाइनेछ।

१३. विद्यालयलाई बालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री गराइ बालबालिकालाई शारीरिक तथा मानसिक दण्डसजाय, दुर्व्यवहार र भेदभाव नभएको सुनिश्चित गरी विद्यालयलाई हिंसारहित बनाइनेछ।

१४. सिकाइमा पछाडि परेका बालबालिकाहरूलाई सिकाइ सुधारका लागि सुधारात्मक कक्षा सञ्चालन गरिनेछ।

१५. सिकाइ उपलब्धिलाई केन्द्रमा राख्दै विद्यालय सुधार योजना निर्माण, कार्यान्वियन र समयसमयमा समीक्षा गर्ने परिपाटीको विकास गरिनेछ।

१६. बालबालिका अनुकूल बसाइका लागि कम्तिमा कक्षा ३ सम्म डेस्कबेन्च हटाइ चिसोतातोबाट सुरक्षित हुने गरी भुई बसाइ व्यवस्था मिलाउने, कक्षाकोठामा क्रमश सन्दर्भ सामग्रीयुक्त भित्ते लेखन, विद्यार्थी उपस्थिति बोर्ड तथा तालिका, विभिन्न चित्र तथा नक्साहरू, कोटेशन आदिबाट कक्षाकोठा सजावट गर्ने तथा कक्षाकोठाभित्र सानो र्याक / दराज व्यवस्थापन गरी बाल सन्दर्भ सामग्रीसहितको बाल पुस्तकालय व्यवस्थापन गरिनेछ।

१७. हरेक शिक्षकले पाठ्यक्रममा भएका सिकाइ उपलब्धि पूरा गर्न पाठयोजनासहितको शिक्षक डायरी प्रयोग, अद्यावधिक र कार्यान्वयनको सुनिश्चित गर्ने र सोको अनुगमन समेत गरिनेछ।

१८. विद्यालयको भौतिक वातावरणलाई ताजा, मनमोहक बनाइ प्रथम दृष्टिमा नै विद्यालयप्रति सकरात्मक भावना जागृत गर्न विद्यालयमा फुलबारी, करेसावारी, वृक्षारोपण लगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१९. विभिन्न सरकारी तथा गैरसरकारी सङ्घ संस्थाहरू समन्वय तथा साझेदारी गरी स्थानीय स्रोतसाधनको समुचित परिचालन गरिनेछ।

२०. प्रधानाध्यापक बैठक नियमित र व्यवस्थित गरी शैक्षिक सुधारका गतिविधिमा केन्द्रित गरिनेछ।

२१. विद्यालयमा प्रत्येक महिना कम्तिमा एक दिन जनप्रतिनिधि पुगेर विद्यालयको पठनपाठनका सन्दर्भमा जानकारी लिनुका साथै शिक्षा शाखा, विज्ञ समूहबाट अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण प्रदान गरिनेछ।

२२. पठनपाठनको माध्यम नेपाली, अङ्ग्रेजी वा दुबै प्रयोग गर्न पाउने प्रावधानअनुसार अभिभावकको चाहनाअनुसार अङ्ग्रेजी माध्यमको पठनपाठनलाई जोड दिइनेछ।

२३. भौतिक पूर्वाधार, शिक्षक पेसागत सहयोग, विद्यार्थी प्रतिभा पहिचानका कार्यक्रम सञ्चालन गरिनेछ ।

२४. विद्यार्थी सङ्ख्या, पढाइको स्तर र भौगोलिक अवस्थाअनुसार विद्यालय सार्ने, गाभ्ने, तह घटाउने, शिक्षक व्यवस्थापन र दरबन्दी मिलान कार्य गरिनेछ ।

२५. शिक्षक र कर्मचारी बिदा बस्नुपर्दा पूर्व स्वीकृति अनिवार्य लिने र बिदाको अभिलेख चुस्तदुरूस्त राखी समयमै प्रमाणित गरिनेछ ।

२६. विद्यालय क्षेत्र तथा कक्षाकोठा, शौचालय लगायतलाई नियमित सरसफाइ गरी आकर्षक गराइनेछ ।

२७. विद्यार्थीको सिकाइ उपलब्धि स्तर बारे समयमा नै अभिभावकलाई जानकारी गराउनुका साथै कक्षा शिक्षकले सम्बन्धित कक्षाको विद्यार्थी अनुपस्थित हुनुको कारणबारे अनिवार्य रूपमा अभिभावकसँग सम्पर्क गरी सोको अभिलेख राखिनेछ ।

२८. शुक्रबारको दिन चौथो पिरियडपछि अनिवार्य रूपमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

२९. परीक्षा तथा अन्य कार्यक्रमहरूको तयारी र नतिजा प्रकाशनलगायतका कारण देखाइ आवश्यकताभन्दा बढी बहाना गरी विद्यालय बन्द गरिने छैन ।

३०. विद्यालय समय १०:०० बजेदेखि ४:०० बजे भन्दा बाहिर अध्यापन गर्ने शिक्षकको हकमा औचित्य पुष्टि हुने गरी अनुमति लिनुपर्नेछ ।

३१. प्रधानाध्यापकले शिक्षकहरूको सहयोगमा विद्यालयको वार्षिक कार्ययोजना निर्माण, टाँस तथा कार्यान्वयन गर्नुपर्ने एवम् हरेक महिना कम्तीमा पनि ४ वटा कक्षाको कक्षा अवलोकन गरी पृष्ठपोषण प्रदान गरिएको रेकर्ड राखिनेछ ।

३२. आर्थिक कारोबारको बिल भरपाई सुरक्षित राख्ने, प्रचलित आर्थिक नियम र वर्तमान शिक्षा ऐन, नियमावलीको अधीनमा रही विद्यालयको रकम खर्च गरिनेछ ।

३३. समय समयमा शिक्षक, विद्यार्थी, अभिभावक, सरोकारवालाबिच शैक्षिक अन्तरक्रिया तथा गोष्ठी आयोजना गर्नुका साथै शिक्षक, जनप्रतिनिधि र कर्मचारीका छोराछोरीहरूलाई सामुदायिक विद्यालयमा भर्ना गरिनेछ ।

३४. विद्यालय व्यवस्थापन समिति, अभिभावक, शिक्षकको उपस्थितिमा त्रैमासिक रूपमा आयव्यय सार्वजनिक, सार्वजनिक सुनुवाइ लगायतका सुशासन र पारदर्शिता प्रवर्धन गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

३५. विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ बमोजिम विद्यालय शान्ति क्षेत्र घोषणाको कार्यान्वयन गरिनेछ ।